**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**
**माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी**
**आदेश**
**०८०-WO-०७३०**
**मुद्दाः- उत्प्रेषण।**

सूर्यनाथ उपाध्याय.................................................................................... निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत.. प्रत्यर्थी

१. यसमा रिट निवेदन सहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, डा. श्री सुरेन्द्र भण्डारी र श्री टिकाराम भट्टराई तथा विद्वान् अधिवक्ता श्री सुलभ खरेलले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जबाफ लिई उपस्थित हुनुहोला भनी निवेदनपत्र र यो आदेशको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरू लाई म्याद सूचना पठाई म्यादभित्र लिखित जबाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला।

३. निवेदकले अन्तरिम आदेश समेत माग गरेको सम्बन्धमा विचार गर्दा, निवेदकले रिट निवेदनमा नेपाल र भारत सरकारका बिच ४ जनवरी २०२४ मा हस्ताक्षर भएको Long Term Power Trade Agreement मा केवल विद्युत व्यापार (power trade) को विषय मात्र नभई जल विद्युत उत्पादन (Hydropower Generation) र विद्युत प्रसारण पूर्वाधार (Transmission Infrastructure) मा लगानी गर्ने जस्ता नेपालको संविधानको धारा २७९ आकर्षित हुने प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडको विषयसमेत समावेश भएको भन्ने प्रश्न उठाएको देखिंदा विषयवस्तुको प्रकृति र गाम्भीर्य हेर्दा दुवै पक्ष बिच छलफल गरी अन्तरिम आदेश जारी गर्नु पर्ने

Scanned with CamScanner

नपर्ने भन्ने सम्बन्धमा टुङ्गो गर्नु उपयुक्त देखिएकाले मिति २०८०।१०।२३ को छलफलको पेशी तोकिदिएको छ।

४. छलफलको दिन माथि उल्लिखित Long Term Power Trade Agreement को सक्कल प्रति सहित उपस्थीत हुन महान्यायाधिवक्ताको कार्यालयलाई लेखी पठाउने।

५. साथै प्रस्तुत मुद्दामा समावेश भएको संवैधानिक तथा कानूनी प्रश्नलाई दृष्टिगत गरी प्रस्तुत मुद्दाको छलफलमा १-१ जना वरिष्ठ अधिवक्ता वा अधिवक्ता अदालतको सहयोगी (*amicus curiae*) का रुपमा पठाईदिनू भनी रिट निवेदन र निवेदन साथ संलग्न कागजातको प्रतिलिपि समेत संलग्न गरी नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एसोसिएसनलाई लेखी पठाउनू।

६. आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई नियमानुसार पेश गर्नु ।

न्यायाधीश

इति संवत् २०८० साल माघ १६ गते रोज ३ शुभम्.............................................

Scanned with CamScanner